पत्र संख्याः ०८३।०८४

सिमल तरुल उद्योग संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१९

चुलाचुली गाउँपालिकाद्वारा स्थापना गरिएको सिमल तरुल (Cassava) प्रशोधन उद्योगलाई **सिमल तरुल प्रशोधन उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३** बमोजिम व्यावसायिक, व्यवस्थित तथा दिगो रूपमा सञ्चालन गर्ने उद्देश्यले कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिमका इच्छुक सहकारी संस्था, कृषक समूह, कृषि उद्यमी, कम्पनी, फर्म तथा प्रचलित कानूनबमोजिम दर्ता भएका योग्य संस्थाहरूबाट उद्योग सञ्चालन तथा व्यवस्थापनका लागि प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको छ।

इच्छुक तथा योग्य संस्थाहरूले देहायबमोजिमका शर्त तथा मापदण्डको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. उद्योगको विवरण

- **उद्योगको नामः** सिमल तरुल (Cassava) प्रशोधन उद्योग
- **उद्योग रहेको स्थानः** चुलाचुली गाउँपालिका वडा नं. ३, साकेला चौक, इलाम ।
- **उद्योगको स्वामित्वः** चुलाचुली गाउँपालिका
- **सञ्चालनको उद्देश्यः** स्थानीय स्तरमा उत्पादित सिमल तरुलको प्रशोधन, मूल्य श्रृंखला अभिवृद्धि, उत्पादन तथा बजारीकरण गर्ने।

२. प्रस्ताव पेश गर्न पाउने संस्थाको योग्यता

क) प्रचलित कानूनबमोजिम दर्ता तथा नवीकरण भएको सहकारी संस्था, कृषक समूह, कृषि उद्यमी, कम्पनी, फर्म वा अन्य योग्य संस्था हुनुपर्नेछ।

ख) संस्थाको उद्देश्य वा कार्यक्षेत्रमा कृषि उत्पादन, प्रशोधन, बजारीकरण, उद्योग सञ्चालन वा व्यवसायसँग सम्बन्धित कार्य समावेश भएको हुनुपर्नेछ।

ग) संस्थाको PAN/VAT दर्ता प्रमाणपत्र भएको हुनुपर्नेछ ।

घ) आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

ङ) उद्योग सञ्चालनका लागि आवश्यक आर्थिक क्षमता तथा कार्यशील पूँजी जुटाउन सक्ने हुनुपर्नेछ।

च) कृषि उपज प्रशोधन, उद्योग सञ्चालन तथा बजारीकरणसम्बन्धी अनुभव भएको संस्थालाई प्राथमिकता दिइनेछ।

३. प्रस्तावमा समावेश गर्नुपर्ने विवरणः *कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम*

क) प्राविधिक प्रस्तावः कार्यविधिको दफा १२ ले व्यवस्था गरेको विषयहरु समावेश हुनुपर्नेछ ।

ख) आर्थिक प्रस्तावः कार्यविधिको दफा १३ ले व्यवस्था गरेको विषयहरु समावेश हुनुपर्नेछ।

४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरू

क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।

ख) संस्था नवीकरण प्रमाणपत्रको प्रतिलिपि।

ग) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।

घ) संस्थाको विधानको प्रतिलिपि।

राजकुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

ङ) उद्योग सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको आधिकारिक निर्णयको प्रतिलिपि।
च) आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
छ) उद्योग सञ्चालन तथा कृषि प्रशोधनसम्बन्धी अनुभव भए सोको प्रमाण।
ज) **प्राविधिक तथा आर्थिक प्रस्तावः प्राबिधिक प्रस्ताव र आर्थिक प्रस्ताव को ढाचाँ कृषि विकास शाखा वा कार्यालयको Website: https://www.chulachulimun.gov.np/ बाट डाउनलोड गर्न सक्नुहुनेछ ।**

५. <u>प्रस्ताव पेश गर्ने विधि तथा स्थान</u>

इच्छुक संस्थाले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी बाहिरी खाममा संस्थाको नाम, ठेगाना तथा सम्पर्क नम्बर उल्लेख गरी यस गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली, इलाममा पेश गर्नुपर्नेछ।

प्रस्ताव पेश गर्ने अन्तिम मितिः **२०८३/०८/०९** गते कार्यालय समयभित्र।

थप जानकारीका लागिः
चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मा सम्पर्क गर्न सकिनेछ ।

२०८३।८।१९
प्रमुख प्रशासकीय अधिकृत
राजकुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत